# शुक्लाफाँटा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

झलारी, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश,नेपाल

### घर भाडा लिने सम्बन्धि सूचना ।

(प्रथम पटक प्रकाशीत मिति २०७७।०९।१५)

शुक्लाफाँटा नगरपालिकाको मुख्य वजार केन्द्र र राजमार्ग आसपासमा कम्तीमा एक हल सहित ४।५ कोठा भएको घर शहरि विकास आयोजना कार्यान्वयन इकाईको कार्यालय प्रयोजनकोलागि भाडामा लिनु पर्ने भएको हुँदा तपसिलको सर्त अनुसार घर भाडामा दिन चाहाने घर धनीहरुले निवेदन पेश गर्नहुन जानकारीका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४३ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ बमोजिम सात दिने सूचना प्रकाशीत गरिएको छ ।

तपसिल :

१. शौचालय, विद्युत र खानेपानीको राम्रो प्रवन्ध भएको हुनुपर्ने छ ।

२. सवारी साधन पार्किङका लागि प्रयाप्त स्थान हुनुपर्ने छ ।

३. भाडामा दिन चाहेको घर नगरपालिकाको कार्यालय आसपास/झलारी बजार आसपास/वनसमिति चौराह देखि कलुवापुर चौराह विच राजमार्गको दायाँ-वायाँ हुनुपर्ने छ ।

४. नियमानुसारको बहाल कर घर धनिको भाडा रकम बाटै कट्टी गरि नेपाल सरकारको राजस्व खातामा दाखिला गरिने छ ।

५. घर भाडामा दिन चाहाने इच्छुक घर धनीले घर रहेको क्षेत्र र घरको प्रकृति स्पस्ट खोलि भाडामा दिन चाहेको घरको प्रमाणित नक्सा र सो घर भएको जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी, चालु आ.ब. को मालपोत तिरेको रसिदको प्रतिलिपी र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी आफूले लिन चाहेको घर भाडा रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरि सिलबन्दी निवेदन यो सूचना प्रथम पटक प्रकाशीत भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा दर्ता गर्नु पर्ने छ , म्याद नाघि पेश भएको निवेदन माथि कुनै कारवाही गरिने छैन ।

६. सूचनामा उल्लेखित नभएका व्यहोराहरुको हकमा घर भाडा सम्झौता पत्र, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत